# आ.व. २०८२/०८३ को बजेट मार्गदर्शन

## समष्टिगत मार्गदर्शन

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४, ले तोकेका कार्य तथा जिम्मेवारीमा पर्ने आयोजनाहरुमा रकम विनियोजन गर्ने ।
२. साविकमा संघीय सरकारबाट सञ्चालन हुदै आएका तर हाल स्थानीय तहले निरन्तरता दिनु पर्ने भई हस्तान्तरण भई आएमा कार्यक्रम तथा आयोजनाहरुमा रकम विनियोजन गर्नु पर्ने ।
३. स्थानीय तहले वहन गर्नु पर्ने अनिवार्य दायित्वका विषयहरु समावेश गर्ने ।
४. आधारभूत सेवा प्रवाहका लागि सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरु ।
५. सन्तुलित विकासका लागि टेवा पुऱ्याउनु पर्ने कार्यक्रम तथा आयोजनाहरु (भौगोलिक विषय क्षेत्रगत, समुदायगत, वातावरणीय सन्तुलन) ।
६. सामाजिक तथा आर्थिक दृष्टिकोणले कमजोर तथा तुलनात्मक रुपमा विकासको मुल प्रवाहमा पछि परेका वर्ग समुहको उत्थान एवं मुलप्रवाहीकरणमा योगदान पुऱ्याउने कार्यक्रम तथा आयोजनाहरु ।
७. वित्तिय समानिकरणको रकमबाट अध्ययन भम्रण/बैदेशिक भम्रण र अन्य प्रशासनिक शिर्षकमा खर्च नगरी विकास निर्माण तर्फ खर्च गर्नुपर्नेछ ।
८. प्रशासनिक खर्चका लागि राजश्व बाँडफाँडबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढी नहुनेगरी बजेट छुट्याउनु पर्नेछ ।

## आयोजना प्राथमिकताका विषयहरु

१. गाउँपालिकाका क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।
२. गाउँपालिका गौरवका योजनाहरुमा प्राथमिकता दिनु पर्नेछ ।
३. लागत सहभागितामा आधारित आयोजनालाई प्राथमिकता दिनु पर्नेछ ।
४. दिगो विकासका लक्ष्य र अन्तर सम्बन्धित विषयहरु (Cross Cutting Issues) जस्ता विषयहरुलाई उच्च प्राथमिकता दिई कार्यक्रम तर्जुमा गर्ने ।
५. आयोजना प्राथमिकरणका आधार र अंक विभाजन देहाय बमोजिम गर्नु पर्नेछ ।

## आयोजना प्राथमिकरणका आधारहरु

**१. गरिवी निवारणमा प्रत्यक्ष योग्दान पुग्ने आयोजनाहरु (२० अंक)**
- क) प्रत्यक्ष योग्दान पुऱ्याउने -२० अंक
- ख) अप्रत्यक्ष योग्दान पुऱ्याउने-१० अंक
- ग) तटस्थ-५ अंक

**२. उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)**
- क) चालु आ.व.मा नै सम्पन्न हुने-१५ अंक
- ख) आगामी आ.व.मा हुने-१० अंक
- ग) अन्य-५ अंक

**३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)**
- क) प्रत्यक्ष योग्दान पुऱ्याउने -१५ अंक
- ख) अप्रत्यक्ष योग्दान पुऱ्याउने-७.५ अंक
- ग) तटस्थ-० अंक

**४. लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)**
- क) ५० प्रतिशत वा सो भन्दा बढी लागत सहभागिता हुने-१५ अंक
- ख) २० प्रतिशत देखि ५० प्रतिशत सम्म लागत सहभागिता हुने-१० अंक
- ग) २० प्रतिशत सम्म लागत सहभागिता हुने-५अंक
- घ) लागत सहभागिता नहुने-० अंक

**५. स्थानीय स्रोत साधन र सिपको प्रयोग हुने आयोजनाहरु (१० अंक)**
- क) आयोजनालाई आवश्यक पर्ने सबै स्रोत साधन स्थानीय तहमा उपलब्ध हुने-१० अंक
- ख) आयोजनालाई आवश्यक पर्ने ५० प्रतिशत स्रोत साधन स्थानीय तहमा उपलब्ध हुने-७.५ अंक
- ग) अन्य-५ अंक

**६. समावेशी विकासमा योग्दान पुऱ्याने आयोजनाहरु (१० अंक)**
- क) प्रत्यक्ष योग्दान पुऱ्याउने -१० अंक
- ख) अप्रत्यक्ष योग्दान पुऱ्याउने-५ अंक
- ग) तटस्थ-० अंक

**७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)**
- क) प्रत्यक्ष योग्दान पुऱ्याउने -१० अंक
- ख) अप्रत्यक्ष योग्दान पुऱ्याउने-५ अंक
- ग) तटस्थ-० अंक

**८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)**
- क) प्रत्यक्ष योग्दान पुऱ्याउने -५ अंक
- ख) अप्रत्यक्ष योग्दान पुऱ्याउने-३ अंक
- ग) तटस्थ-० अंक

## योजनाको वर्गिकरण आधार

## वडा स्तरीय योजना

- ➢ वडा भित्रका स-साना आयोजना
- ➢ वडामा मात्र महत्व राख्ने आयोजना
- ➢ रु. २ लाख देखि **५ लाख सम्मका** आयोजना
- ➢ वडा को बजेट सिलिङ्गका आधारमा टोल/बस्ती स्तरको छलफलबाट आएका आयोजनाहरुलाई वडा समितिले **विषयक्षेत्रगत रुपमा** प्राथमिकिरण/छनोट गरी सिफारिस गरी पठाएका कार्यक्रम तथा योजनाहरु ।

## गाउँपालिका स्तरीय आयोजना

- ➢ दुई वडा वा सो भन्दा बढीका लागि महत्व राख्ने आयोजना
- ➢ बहुवर्षीय आयोजनाहरु
- ➢ दुई वा सो भन्दा बढी वडामा पर्ने आयोजनाहरु
- ➢ रु. ५ लाख भन्दा माथिका आयोजनाहरु
- ➢ टोल/बस्तिबाट छलफल गरि वडा समितिबाट प्राथमिककिरण/छनौट गरि पठाएका आयोजना

## गाउँपालिका गौरवका आयोजना

- ➢ गाउँपालिकाले गौरव गर्न लायक रु. ५० लाख भन्दा माथिका गाउँपालिका स्तरीय आयोजनाहरु ।
- ➢ गाउँपालिकाका गौरवका बहुवर्षिय आयोजनाहरु
- ➢ गत आ.व.का गौरवका कमागत आयोजनाहरु
- ➢ समपुरक कोषबाट संचालन हुने आयोजनाहरु
- ➢ विषेश अनुदानबाट संचालन हुने आयोजनाहरु

## क्षेत्रगत मार्गनिर्देशन

### १. पुर्वाधार विकास

- ✓ साना सिचाई,लिफ्ट सिचाई आयोजनाको सञ्चालन र मर्मत सम्भार सम्बन्धि कार्य ।
- ✓ स्थानीय सडक तथा पुल सम्बन्धि आयोजना र सोको मर्मत सम्भार तथा अधुरा आयोजना पुरा गर्ने कार्य ।
- ✓ सडक निर्माण गर्दा जग्गा विवाद नहुने कम क्षती पुऱ्याउने खालका स्थानहरुमा पर्ने गरी सडक आयोजनाको छनोट ।
- ✓ सडक बत्ति तथा बैकल्पिक उर्जा सम्बन्धि आयोजना ।
- ✓ शहरी विकासलाई व्यस्थित गर्ने (नाली, सडक, पार्क, ) जस्ता कार्यहरु ।
- ✓ वडा कार्यालयलाई जोड्ने सकड आयोजना, वडा कार्यालयबाट टोल बस्ति जोड्ने सडक आयोजनाहरु
- ✓ गाउँपालिका तथा वडा कार्यालयको भवन निर्माण तथा अन्य सामुदायिक भवन निर्माण कार्यहरु ।
- ✓ सञ्चार ,प्रविधि उपकरण जडान सम्बन्धि कार्यहरु ।

### २. आर्थिक विकास

- ✓ कृषि उत्पादन र उत्पादकत्व बृद्धि कार्यक्रम ।
- ✓ आधुनिक,व्यबसायिक र विविधिकरण युक्त कृषि कार्यक्रमहरु ।
- ✓ कृषकहरुको क्षमता विकास ।
- ✓ कृषि हाट बजारहरुको विकास ।
- ✓ पशुपालनको विकास तथा पशु स्वास्थ्य सम्बन्धि कार्य ।
- ✓ धार्मिक पर्यटन,पर्या पर्यटन,साहासिक पर्यटनको सम्भावनाको पहिचान र विकास ।
- ✓ सहकारी तथा वित्तिय क्षेत्रको विकास र प्रवाह ।
- ✓ परम्परगत तथा घरेलु र लघु उद्योगको निर्माण तथा विकासका कार्यहरु ।
- ✓ व्यापार तथा वाणिज्य क्षेत्रको विकास सम्बन्धि कार्यहरु ।

### ३. सामाजिक विकास

- ✓ आधारभूत शिक्षा ।
- ✓ शैक्षिक गुणस्तरमा सुधार ।
- ✓ आधारभूत स्वास्थ्य सेवाको उपलब्धता ।
- ✓ पोषण कार्यक्रम (महिला तथा वालवालिकाका लागि) ।
- ✓ खानेपानी आयोजनाको सञ्चालन र मर्मत सम्भार ।
- ✓ लैंगिक समानता तथा सामाजिक समावेशीकरण (महिला ,वालबालिका,जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति दलित ,आदिबासि जनजाती) लक्षित कार्यक्रम ।
- ✓ स्वास्थ्य सेवा सञ्चालन,स्वास्थ्य सिविर सञ्चालन
- ✓ स्थानीय संस्कृती प्रबर्द्धन गर्ने कार्य ।

- ✓ फोहोर मैला व्यबस्थापन तथा सरसफाई सम्बन्धि विविध अभियान तथा कार्यक्रमहरु

४. **वन, वातावरण तथा विपद व्यवस्थापन**

- ✓ सार्वजनिक तथा प्रति जग्गाहरुमा र सडकको किनारामा बृक्षारोपण ।
- ✓ शहरी तथा सार्वजनिक क्षेत्रको फोहोरमैला व्यवस्थापन र डमपिङ्ग साईटको व्यवस्थापन ।
- ✓ नदी नियन्त्रण तथा तट्बन्धन र पहिरो नियन्त्रण सम्बन्धि आयोजनाहरु ।
- ✓ विपद व्यवस्थापन कार्य : उद्धार, राहत र पूर्नस्थापना ।
- ✓ भू-संरक्षण तथा जलाधारहरुको संरक्षण ।
- ✓ महामारी तथा माहामारीजन्य रोगबाट वडाका जनताको जिउज्यान जोगाउन गरिने कियाकलापहरु ।

५. **सुशासन तथा संस्थागत विकास**

- ✓ जनप्रतिनिधी तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रम्रण र क्षमता विकास ।
- ✓ राजश्व परिचालन तथा राजश्व प्रशासन सुदृढीकरण ।
- ✓ सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण ।
- ✓ सार्वजनिक सेवा प्रवाहमा सुधार ।
- ✓ अन्तर निकाय समन्वय (शान्ति सुरक्षा सहकार्य,आदि) ।
- ✓ उपभोक्ताहरुको क्षमता विकास ।
- ✓ वित्तिय व्यवस्थापन, लेखापरिक्षण र बेरुजु फछ्र्यौट ।
- ✓ कार्यपालिका कार्यालय र वडा कार्यालयहरुको सुदृढीकरण ।
- ✓ कोभिड १९ रोगका कारण रोजगारी गुमाएका युवाहरु वा श्रमिक वर्गलाइ लक्षित गरि संचालन गरिने आयोजना वा कार्यक्रमहरु ।
- ✓ अन्यत्र समाबेश हुन नसकेका कार्यहरु ।

**कुल वजेटबाट विनियोजन योग्य वजेट**

| | | |
|---|---|---|
| कूल अनुमानित बजेट : | | |
| तलब भत्ता र कार्यालय सन्चालनको लागि आवश्यक रकम घटाउने : | | |
| गाउँ/नगर गौरवका आयोजनाको लागि आवश्यक रकम घटाउने : | | |
| समपूरक अनुदानबाट कार्यान्वियन हुने आयोजनाको लागि आवश्यक रकम घटाउने : | | |
| सशर्त अनुदानको लागि तोकिएको रकम घटाउने : | | |
| दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तरराष्ट्रिय प्रतिबद्धता | | |
| कार्यान्वयनको लागि आवश्यकरकम (घटाउने | | |
| बाँकी रकम | | |
| गाउँ/नगर स्तरीय (विषय क्षेत्र योजना) योजनाको आवश्यक रकम | | |
| वडास्तरीय योजनाको लागि आवश्यक रकम | | |

**विषयगत क्षेत्र अनुसार बजेट सीमा निर्धारण**

| विषयगतशाखा/वडा कार्यालय | आर्थिक विकास | सामाजिक विकास | पुर्वाधार विकास | वन वातावरण तथा विपद व्यवस्थापन | सुशासन तथा संस्थागत |
|---|---|---|---|---|---|
| प्रशासन, योजना तथा अनुगमन | | | | | |
| शिक्षा | | | | | |
| स्वास्थ्य तथा सरसफाइ | | | | | |
| महिला, बालबालिका र लक्षित वर्ग | | | | | |
| युवा र खेलकुद, कला तथा संस्कृति | | | | | |
| पूर्वाधार विकास | | | | | |
| वातावरण तथा विपद् व्यवस्थापन | | | | | |
| कृषि विकास तथा प्रसार | | | | | |
| पशु विकास तथा प्रसार | | | | | |
| उद्योग तथा पर्यटन र सहकारी | | | | | |
| नीति तथा कानून | | | | | |
| वडा समितिको कार्यालय | | | | | |

**बजेट बाँडफाँड**

**१ .राजश्व बाँडफाँड र आन्तरिक स्रोत**

क. राजश्व वाँडफाँडबाट तथा आन्तरिक आम्दानीबाट प्राप्त रकमलाइ तपशिलका कार्यक्रमहरुलमा खर्च गर्ने :-

- ✓ सुशासन तथा संस्थागत विकास
- ✓ कर्मचारी तथा पदाधिकारी तलब भत्ता, सेवा सुविधा र प्रशासनिक खर्च
- ✓ फोहोरमैला व्यवस्थापन,सरसफाई तथा पोषण सम्बन्धि कार्यक्रमहरु
- ✓ विपद व्यवस्थापन र आर्थिक सहायता
- ✓ ससाना प्रर्वद्धनात्मक कार्यक्रमहरु
- ✓ महिला ,बालबालिका,असाहय,दलित ,युवा किशोरि लक्षित विविध कार्यक्रम
- ✓ शिक्षा तथा स्वास्थ्य क्षेत्रका प्रवर्द्धनात्मक कार्यक्रमहरु
- ✓ कृषि तथा पशु विकास अर्न्तगतका विविध कार्यक्रमहरु ।